# गोरखापत्र संस्थान

## प्रकाशन बिक्रीवितरण निर्देशिका-२०५९

*(प्रथम संशोधन-२०७०)*

*(दोस्रो संशोधन-२०७५)*

*(तेस्रो संशोधन-२०७८)*

*(चौथो संशोधन-२०८२)*

गोरखापत्र संस्थानका प्रकाशनहरू >स्वदेश तथा विदेशमा सुव्यवस्थित ढङ्गबाट बिक्रीवितरण गर्न यो निर्देशिका बनाइएको छ ।

**<u>१. परिभाषा :</u>**

(क) **"संस्थान"** भन्नाले गोरखापत्र संस्थानको प्रधान कार्यालयलगायत यसको >प्रदेशस्तरीय प्रकाशन कार्यालय, प्रदेशस्तरीय तथा अन्य कार्यालयसमेतलाई सम्झनु पर्छ ।

(ख) **"प्रकाशनहरू"** भन्नाले संस्थानबाट प्रकाशित दैनिक गोरखापत्र, दी राइजिङ नेपाल, मासिक प्रकाशनहरू मधुपर्क, युवामञ्च, मुना र >अनलाइन संस्करणसमेतलाई सम्झनु पर्छ वा संस्थानबाट प्रकाशित हुने प्रकाशनहरूलाई सम्झनु पर्छ ।

(ग) **"पत्रपत्रिका"** भन्नाले संस्थानका प्रकाशनहरू सम्झनु पर्छ ।

(घ) **"निर्धारित मूल्य"** भन्नाले संस्थानबाट समयसमयमा निर्धारित गरेको मूल्यलाई सम्झनु पर्छ ।

(ङ) **"एजेन्ट"** भन्नाले संस्थानको नियमानुसार > स्वदेश तथा विदेशका विभिन्न स्थानमा संस्थानका प्रकाशनहरू बिक्रीवितरणका लागि नियुक्त व्यक्ति वा फर्म वा सङ्गठित संस्थालाई सम्झनु पर्छ ।

(च) > **"ग्राहक"** भन्नाले संस्थानले निर्धारण गरेका अवधिका लागि प्रकाशन शुल्क बुझाई ग्राहक हुनेलाई सम्झनु पर्छ ।

(छ) **"प्रमाणपत्र"** भन्नाले संस्थानले एजेन्ट नियुक्तिपछि जारी गरेको प्रमाणपत्रलाई सम्झनु पर्छ ।

(ज) **"समिति"** भन्नाले गोरखापत्र संस्थान सञ्चालक समिति भन्ने सम्झनु पर्छ ।

**२. एजेन्टको व्यवस्था :**

@ संस्थानको निर्देशिका अनुसार स्वदेश तथा विदेशमा समेत आवश्यकता अनुसार प्रकाशनहरू बिक्रीवितरणका लागि एजेन्टको नियुक्ति गरिने छ ।

३ # .......

**४. एजेन्टले पाउने सुविधा :**

(क)@ संस्थानबाट बिक्रीवितरणका लागि पठाइने प्रकाशनहरू एजेन्टको पसलमा वा सम्पर्क स्थानसम्म यथासम्भव छिटो पुग्ने माध्यमद्वारा पुऱ्याउने दायित्व संस्थानको हुने छ। सो कार्यका लागि संस्थानले आवश्यक स्थानमा आवश्यकता अनुसारका साधन प्रयोग गर्ने गरी आवश्यकता अनुसार निर्णय गर्न सक्ने छ । > साथै एजेन्टले हुलाकमार्फत तथा अन्य माध्यमद्वारा प्रकाशनहरू अन्यत्र पठाउँदा सोको प्रमाण पेस गरेमा नियमानुसारको रकम संस्थानले बेहोर्न सक्ने छ ।

(ख) संस्थानबाट प्रकाशित दैनिक तथा मासिक प्रकाशनहरूको एजेन्ट मूल्य र खुद्रा (ग्राहक) मूल्य गरी छुट्टाछुट्टै कायम गरिने छ । गोरखापत्र दैनिकको खुद्रा (ग्राहक) मूल्य रु.१०/-(दश) र एजेन्ट मूल्य रु..७/-(सात), दी राइजिङ नेपालको खुद्रा (ग्राहक) मूल्य रु.५/-(पाँच) र एजेन्ट मूल्य रु.३/५० (तीन रुपियाँ पचास पैसा) बिक्री मूल्य कायम हुने छ। समितिले समयसमयमा एजेन्ट मूल्य र खुद्रा (ग्राहक) मूल्य परिमार्जन गरी लागू गर्न सक्ने छ। एजेन्टले १००० प्रतिभन्दा बढी दैनिक प्रकाशनहरू बिक्री गरेमा एजेन्टहरूलाई प्रोत्साहनस्वरूप सम्पूर्ण बिक्री सङ्ख्याको रकममा थप ५% (प्रतिशत) प्रोत्साहन रकम उपलब्ध गराइने छ। साथै त्यसरी उपलब्ध गराइने प्रोत्साहन रकम त्रैमासिक रूपमा हिसाब मिलान गर्नुपर्नेछ। कुनै एजेन्टले समयमै भुक्तानी नगरेको खण्डमा वितरण विभागले पत्रिका बन्द गर्न सक्ने छ ।

(ग) ^ मासिक प्रकाशनहरूको मूल्यको हकमा मधुपर्क र युवामञ्चको खुद्रा मूल्य रु.२५/-(पच्चिस रुपियाँ), मुनाको रु.१५/-(पन्ध्र रुपियाँ) र एजेन्ट मूल्य क्रमशः रु.१७/-(सत्र रुपियाँ) र रु.१०/-(दस रुपियाँ) हुने छ। एजेन्टले ५०० प्रतिभन्दा बढी मासिक प्रकाशनहरू बिक्री

गरेमा एजेन्टहरूलाई प्रोत्साहनस्वरूप सम्पूर्ण बिक्री सङ्ख्याको रकममा थप ५ प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराइने छ। समितिले समय समयमा एजेन्ट मूल्य र खुद्रा (ग्राहक) मूल्य परिमार्जन गरी लागू गर्न सक्ने छ।

(घ) > नयाँ एजेन्ट बन्नका लागि स्वदेश तथा विदेशमा समेत दैनिक प्रकाशनहरू कम्तीमा १० प्रति बिक्री गर्नुपर्ने छ।

(ङ) संस्थानको आवश्यकता अनुसार ^**नयाँ वर्ष, संस्थानको वार्षिकोत्सव, चाडपर्वलगायत विभिन्न अवसरहरूमा समेत छुट योजना सञ्चालन गर्न सक्ने छ** ।

**५. एजेन्टले पालना गर्नुपर्ने अन्य सर्तहरू :**

(क) एजेन्टले आफ्नो कार्यालयबाहिर वा पसलमा &संस्थानका प्रकाशनहरू सबैले देख्ने गरी अनिवार्य रूपले डिस्प्ले गर्नुपर्ने छ र संस्थानका प्रकाशनहरूको वार्षिक, अर्धवार्षिक ग्राहक दरसमेत उल्लेख गरी संस्थानको एजेन्ट भन्ने साइनबोर्ड राख्नुपर्नेछ।

(ख) एजेन्टले संस्थानले निर्धारण गरेको प्रकाशनको खुद्रा (ग्राहक) मूल्यमा नबढाई तोकिएको क्षेत्रभित्र पत्रपत्रिका बिक्रीवितरण गर्नुपर्ने छ।

(ग) एजेन्टले संस्थानबाट प्रकाशनहरू प्राप्त हुनासाथ समयमै ग्राहकहरूलाई उपलब्ध गराउनुपर्ने र बिक्रीवितरण गर्नुपर्ने छ।

(घ) एजेन्टले आफ्नो ठेगाना परिवर्तन गर्नुपरेमा लिखित सूचनामार्फत जानकारी दिएपछि मात्र ठेगाना परिवर्तन गर्न सक्ने छ।

(ङ) एजेन्टले आफ्नो एजेन्सी छाड्नु परेमा एक महिनाअगावै संस्थानमा लिखित सूचना दिई > लिन/दिन पर्ने हरहिसाब फरफारक गर्नुपर्ने छ।

(च) एजेन्टले आफ्नो एजेन्सी संस्थानको पूर्वस्वीकृतिबेगर अन्य कसैलाई हस्तान्तरण गर्न पाउने छैन।

(छ) एजेन्टलाई संस्थानबाट प्रत्येक महिनामा बिल पठाइने छ। सो बिल प्राप्त भएपछि सोको भुक्तानी नगद वा बैङ्क ड्राफ्ट वा > प्रचलित प्रविधिमार्फत अर्को महिनाको मसान्तभित्र अनिवार्य रूपमा भुक्तानी गर्नुपर्ने छ। निर्धारित समयमा भक्तानी प्राप्त नभएमा प्रकाशनहरू पठाउन आंशिक वा पूरै रोक लगाई अर्को एजेन्टको व्यवस्था गरिने

छ । यसबाट एजेन्टलाई कुनै हानि नोक्सानी भएमा संस्थान जिम्मेवार हुने छैन ।

(ज) साधारणतया एजेन्टले लिइसकेको कुनै पनि प्रकाशनहरू > बिक्री नभएमा संस्थानले फिर्ता लिने छैन । > तर **बजार विस्तार तथा संस्थानका प्रकाशनहरूको प्रवर्धनका लागि संस्थानले आवश्यक ठानेमा** एजेन्टले उठाउने गरेको पत्रिका सङ्ख्याको बढीमा ५ प्रतिशतले हुने अखबार बजार प्रवर्धनस्वरूप फिर्ता गर्न नपर्ने गरी उपलब्ध गराइने छ । यो सुविधा लिन एजेन्टले उठाइरहेको पत्रिका सङ्ख्या प्रवर्धनस्वरूप उपलब्ध गराइएको अवधिभर घटाउन पाउने छैन भने ^**त्यसरी उपलब्ध गराइएको पत्रिका प्रवर्धनस्वरूप खुद्रा पत्रिका पसललगायतलाई अवस्था र आवश्यकता अनुसार उपलब्ध गराउनुपर्ने छ** ।

(झ) !

(ञ) @ संस्थानले एजेन्टलाई पठाएको पत्रपत्रिकाहरू प्राप्त नभएमा, घटबढ भएमा, संस्थानले पत्रिका पठाएको ३६ घण्टाभित्र सोको जानकारी गराई तीन दिनभित्र प्राप्त हुने गरी > आम्दानी तथा बिलिङ शाखा तथा ग्राहक सेवा शाखाको इमेल ठेगानामा पत्रद्वारा वा सो शाखाको टेलिफोन एवं प्रचलित प्रविधिमार्फत ^**पुष्ट्याइँ र प्रमाण पुग्ने गरी** जानकारी गराउनुपर्ने छ । अन्यथा एजेन्टलाई पूरै पत्रिका पुगेको मानिने छ । एजेन्टले पत्रपत्रिका प्राप्त नभएको वा घटी वा बढी भएको सम्बन्धमा गरेको दाबी आपसी छलफलपश्चात् ^**पुष्टि हुन आएमा मात्र** सोको क्षतिपूर्ति दिइने छ ।

(ट) !

(ठ) <...

**<u>६. एजेन्ट हुने विधि :</u>**

एजेन्ट हुनका लागि देहायबमोजिमका कागजात संलग्न राखी आफूले बिक्रीवितरण गर्ने क्षेत्रसमेत तोकी दरखास्त दिनुपर्ने छ ।

(क) नयाँ एजेन्टका लागि *रु.५००।- दरखास्त दस्तुर लाग्ने छ ।

१. *सबै क्षेत्रमा नयाँ एजेन्ट लिनका लागि निजले उठाउन चाहेको पत्रिका सङ्ख्याको तीन महिना बराबरको रकम धरौटी राख्नुपर्ने छ ।

२. #...

(ग) एजेन्ट नियुक्त हुनका लागि नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको फर्म, संस्था भएमा संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्र वा मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पासपोर्ट साइजको २ प्रति फोटो र तोकिएको ढाँचामा निवेदनसहित रु.५००/-(पाँच सय रुपियाँ) शुल्क भुक्तानी गर्नुपर्ने छ।

(घ) एजेन्ट नियुक्त हुन चाहने व्यक्ति भएमा व्यक्तिगत स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पासपोर्ट साइजको २ प्रति फोटो र तोकिएको ढाँचामा निवेदन सहित रु.५००/-(पाँचसय रुपियाँ) शुल्क भुक्तानी गर्नुपर्ने छ। क्त

(ङ) #...

**७. संस्थानको अधिकार :**

(क) संस्थानले जुनसुकै समयमा पनि एजेन्टले प्रकाशनहरू बिक्रीवितरण गरे/नगरेको *अनुगमन गर्न सक्ने छ।

(ख) कुनै एजेन्टले यो निर्देशिकाबमोजिम काम नगरेको वा कुनै किसिमबाट संस्थालाई हानिनोक्सानी पुऱ्याएको वा प्रकाशन बिक्रीवितरणमा लापरबाही वा बदनियत गरेको र संस्थानलाई भुक्तानी गर्नुपर्ने रकम *भुक्तानी नगरेमा संस्थानले एजेन्टलाई प्रदान गरेको एजेन्सी मान्यता निलम्बन वा खारेजी गरी हानिनोक्सानीको रकम निजले संस्थानमा राखेको धरौटी रकमबाट कट्टी गरी असुलउपर गर्न सक्ने छ। सोबाट पनि संस्थानको हानिनोक्सानी वा बाँकी रकम असुलउपर नभएमा निजलाई प्रशासनिक तथा कानुनी कारबाहीसमेत गरी & सरकारी बाँकी बक्यौतासरह निजको जायजेथाबाट असुलउपर गर्नेछ।

(ग) >कुनै एक एजेन्ट नियुक्ति भएको स्थान/क्षेत्रमा संस्थानको आवश्यकता अनुसार अर्को एजेन्ट नियुक्ति गर्न सक्ने छ।

(घ) संस्थानले आवश्यकता अनुसार समयसमयमा एजेन्टहरूलाई प्रकाशन बिक्रीवितरणसम्बन्धी निर्देशन दिन सक्ने छ।

(ङ) एजेन्टले संस्थानबाट प्राप्त बिलको भुक्तानी तोकिएको समयमा नगरेमा संस्थानले निजको धरौटी रकमबाट कट्टा गरी लिने छ।

यसरी कट्टी गरिएको धरौटी रकम जम्मा नगरेमा संस्थानले बिनासूचना एजेन्सी स्थगित वा खारेज गर्ने छ । > तर प्रतिस्पर्धात्मक बजारलाई दृष्टिगत गरी प्रकाशनहरूको बिक्रीवितरणमा थप ह्रास आउन नदिन साथै बक्यौता रकम असुली हुनसक्ने सम्भावनालाई समेत दृष्टिगत गरी धरौटी रकमको सीमा नाघेमा पनि पत्रिका पठाउने कार्यलाई निरन्तरता दिन सकिने छ ।

(च) संस्थानको हितलाई ध्यानमा राखी एजेन्ट नियुक्ति गर्ने/नगर्ने सर्वाधिकार संस्थानमा सुरक्षित रहनेछ ।

(छ) #...

(ज) ^ संस्थानका प्रकाशनहरू प्रवर्धन गर्ने हेतुले संस्थानलाई दिने योगदानका आधारमा संस्थान प्रमुखबाट दैनिक प्रकाशनहरू १५०/१५० प्रति र मासिक प्रकाशनहरू ५०/५० प्रति, महाप्रबन्धकबाट दैनिक प्रकाशनहरू ७५/७५ प्रति, मासिक प्रकाशनहरू ३०/३० प्रति, प्रधान सम्पादकबाट सम्बन्धित प्रकाशन ७० प्रति, नायब महाप्रबन्धकबाट दैनिक प्रकाशनहरू १५/१५ प्रति र मासिक प्रकाशनहरू १०/१० प्रति, मासिक प्रकाशन प्रमुखबाट सम्बन्धित प्रकाशन ५० प्रति, वितरण विभाग प्रमुखबाट दैनिक प्रकाशनहरू ४०/४० प्रति र मासिक प्रकाशन १०/१० प्रति, व्यापार विभाग प्रमुखबाट दैनिक प्रकाशनहरु ४०/४० प्रति र मासिक प्रकाशनहरू १०/१० प्रति, अर्थ विभाग प्रमुखबाट दैनिक प्रकाशनहरू ४०/४० प्रति र मासिक प्रकाशनहरू १०/१० प्रति, अन्य विभागीय प्रमुखहरूबाट दैनिक प्रकाशनहरू १०/१० प्रति र मासिक प्रकाशन ५/५ प्रति, प्रदेशस्तरीय प्रकाशन कार्यालय प्रमुखबाट दैनिक प्रकाशनहरू १०/१० प्रति संस्थानमा अभिलेख रहने गरी उपलब्ध गराउन सकिने छ । साथै अन्य करार सेवाका कर्मचारी, स्ट्रिन्जर, उपत्यका समाचारदाता, नयाँ नेपाल पृष्ठका संयोजक र सहसंयोजक, दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई सुविधा स्वरूप सम्पूर्ण प्रकाशनहरू उपलब्ध हुने छ । उपरोक्त अनुसारको सुविधा निजहरूको सेवा अन्त्यपश्चात वितरण विभागबाट स्वतः बन्द गरिने छ ।

(झ) #...

**८. एजेन्टको नवीकरण :**

(क) एजेन्टलाई जारी गरेको प्रमाणपत्रको अवधि >पाँच वर्षको हुने छ ।

(ख) प्रमाणपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिनाअगावै एजेन्टले आफ्नो प्रमाणपत्र नवीकरणका > लागि निवेदन दिनुपर्ने छ। त्यसरी नवीकरण गरिएको प्रमाणपत्रको अवधि पाँच वर्षका लागि मान्य हुने छ।

(ग) नवीकरणबापत ^ रु. १०० दस्तुर लाग्ने छ।

९. (क) **खारेजी र बचाउ :** > गोरखापत्र संस्थान प्रकाशन बिक्रीवितरण निर्देशिका-२०५९ (परिमार्जन संशोधनसहित-२०७८, बमोजिम भए गरेका कामकारबाही यसै निर्देशिकाबमोजिम भए/गरेको मानिने छ।

(ख) यो निर्देशिकाका प्रावधानहरू प्रचलित ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ।

१०. #...

११. + सरकारी सङ्घ/संस्थामा गई कार्यालय सहयोगी/वितरक, ग्राहक प्रतिनिधिले नयाँ ग्राहक बनाएमा तथा नवीकरण गरेमा १० प्रतिशत कमिसन दिइनेछ। साथै व्यक्ति तथा गैरसरकारी सङ्घ/संस्थामा कार्यालय सहयोगी/वितरक, ग्राहक प्रतिनिधिले नयाँ ग्राहक बनाएमा तथा नवीकरण गरेमा २० प्रतिशत कमिसन दिइनेछ।

१२. + नेपाल राज्यभरका सामुदायिक/संस्थागत स्कूल, कलेज तथा विद्यार्थीहरूका लागि वार्षिक ग्राहक बनेमा प्रत्येक मासिक प्रकाशनमा रु.५० (पचास रुपियाँ) छुट दिइने छ। तर त्यसका लागि स्कुल तथा कलेजले संस्थान प्रमुखलाई औपचारिक सम्बोधन गरी पत्राचार गर्नुपर्ने छ भने विद्यार्थीले परिचयपत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने छ।

१३. <u>**विविध :**</u>

यस निर्देशिकामा नपरेका विषयहरू समयानुकूल संस्थानको निर्णयबमोजिम हुने छ।

- **यो निर्देशिका संशोधनका क्रममा देहायबमोजिमका सङ्केत प्रयोग गरिएको छ ।**

| | | | | |
|---|---|---|---|---|
| * | प्रथम संशोधनद्वारा संशोधन | | | |
| # | प्रथम संशोधनद्वारा खारेज | | | |
| & | प्रथम संशोधनद्वारा थप | | | |
| @ | दोस्रो संशोधनद्वारा संशोधन | | | |
| × | दोस्रो संशोधनद्वारा थप | | | |
| > | तेस्रो संशोधनद्वारा संशोधन | | | |
| < | तेस्रो संशोधनद्वारा खारेज | | | |
| % | तेस्रो संशोधनद्वारा थप | | | |
| ^ | चौथो परिमार्जनद्वारा संशोधन | | | |
| + | चौथो परिमार्जनद्वारा थप | | | |
| ! | चौथो परिमार्जनद्वारा खारेज | | | |

# <u>दरखास्तको ढाँचा</u>

श्री गोरखापत्र संस्थान
कार्यालय ..........

<u>विषय :- एजेन्ट हुन पाऊँ ।</u>

महोदय,

त्यस संस्थानका प्रकाशनहरू बिक्रीवितरण गर्न मेरो/हाम्रो इच्छा भएकाले देहायबमोजिमको बेहोरा खोली रु.५००।- दस्तुर साथ राखी यो दरखास्त पेस गरेको छु /छौं । एजेन्ट भई संस्थानको प्रकाशन बिक्रीवितरण निर्देशिका-२०५९ (संशोधनसहित) अधीनमा रही पत्रपत्रिका बिक्रीवितरणको काम गर्न मञ्जुर छु/छौं । राख्नुपर्ने धरौटी रकम दरखास्त स्वीकृत भएपछि बुझाउने छु/छौं । एजेन्ट हुन पाऊँ ।

१. (क) दरखास्तवालाको पूरा नाम, थर............................................
फर्म वा सङ्गठित संस्था भए मुख्य अधिकारीको नाम, थर.....................

प्रदेश नं.........महानगर/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका......
........................
वडा नं. ............

(ख) प्रकाशन पुऱ्याउने नजिकको हुलाक वा विमानस्थल वा बस बिसौनी...................

२. प्रकाशन बिक्रीवितरण गर्ने क्षेत्र (इलाका वा स्थानहरू)
३. संलग्न आवश्यक कागजातहरू :
१.
२.
३.
४.
५.

उपर्युक्त बेहोरा ठीक साँचो छ । झुठा ठहरे कानुनबमोजिम सहुँला/बुझाउँला ।

दरखास्तवालाको दस्तखत
मिति ........................

# कबुलियतनामाको ढाँचा

लिखितम् .........................को नाति/नातिनी .............................को छोरा/छोरी .......................प्रदेश ..........................नगर/गा.पा वडा नं............... टोल (गाउँ)..................... बस्ने ...........................वर्ष ........................को तर्फबाट त्यस गोरखापत्र संस्थानबाट प्रकाशित पत्रपत्रिकाको बिक्रीवितरण गर्नका लागि संस्थानका प्रकाशन बिक्रीवितरण निर्देशिका-२०५९ (संशोधनसहित) बमोजिम ............. एजेन्ट हुने इच्छा भई दरखास्तसमेत स्वीकृत भएकाले यो निर्देशिकापछि संशोधन हुने दफाहरूसमेतको अधीनमा रही कारोबार गर्न मेरो/हाम्रो मञ्जुर भएकाले...................... ठाउँमा बसी निम्नलिखित साक्षीका रोहबरमा यो कबुलियत गरिदिएको छु/छौं। संस्थानसँग उल्लिखित कारोबार गर्दा लिनु/दिनुपर्ने रकम तोकिएको समयमा तिर्ने/बुझाउने छु। नतिरेमा वा नबुझाएमा प्रचलित कानुनबमोजिम मेरो/हाम्रो घर/घरानाबाट सरकारी बाँकी बक्यौतासरह असुलउपर गरी लिएमा पूर्ण मञ्जुर छु/छौं।

साक्षी

१.

२.

३.

कबुलियत गर्नेको रेखात्मक :-　　　　कबुलियत गर्नेको दस्तखत :-

दायाँ　　　बायाँ　　　पूरा नाम :-

ठेगाना :-

इति संबत् ......... साल ............... महिना ...... गते ....... रोज शुभम्।

प्रमाणपत्रको ढाँचा

गोरखापत्र संस्थान

एजेन्टको प्रमाणपत्र

श्री......................ठेगाना.....................लाई.........................निम्नलिखित प्रदेश (इलाका वा स्थानहरू) का लागि यस संस्थानका प्रकाशनहरू बिक्रीवितरण गर्ने एजेन्ट नियुक्ति गरिएकाले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

यो प्रमाणपत्र २०........साल............महिना..........गतेदेखि २०............साल ..........महिना .................गतेसम्म कायम रहेको छ । यो प्रमाणपत्र नवीकरण नभएमा स्वतः रद्द भएको मानिने छ ।

प्रकाशन बिक्रीवितरण गर्ने क्षेत्रहरू :-

प्रमाणपत्र दिने अधिकारीको दस्तखत :-

नाम, थर :-

पद :-

मिति :-

## साइनबोर्डको ढाँचा

प्रमाणपत्र नं.

प्रदेश नं.

महानगर/नगरपालिका/गाउँपालिका

गोरखापत्र संस्थान एजेन्टको नाम तथा ठेगाना :-

संस्थानमा निम्नलिखित प्रकाशनहरू पाइन्छ :-

१. गोरखापत्र (दैनिक)
२. दी राइजिङ नेपाल (दैनिक)
३.मधुपर्क (मासिक)
४.युवामञ्च (मासिक)
५. मुना (मासिक)
६. गोरखापत्र अनलाइन संस्करण
७. राइजिङ नेपाल अनलाइन संस्करण